कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश नेपाल

प.सं. : ०७५/०७६

च.नं. :

फोन नं.:-०८१-५४०००९

## शुभकामना सन्देश

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

आज फाल्गुण ७ गते , ७० औं राष्ट्रिय प्रजातन्त्र दिवस २०७६ को पावन अवसरमा कोहलपुर नगरपालिका वासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै आजको दिनले हामी सबैलाई प्रजातन्त्रका आधारभूत मूल्य र मान्यताहरुलाई आत्मसात् गर्दै अघि बढ्ने प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

२००७ साल फाल्गुण ७ गतेका दिन नेपालमा निरङ्कुश जहानियाँ राणाशासनको अन्त्य भई जनताले राजनीतिक स्वतन्त्रता हासिल गरेको ऐतिहासिक दिनको सम्झनामा प्रत्येक वर्ष प्रजातन्त्र दिवसका रुपमा मनाउने गरेका छौं । प्रजातन्त्र बहाली र संस्थागत गर्ने क्रममा २००७ साल, २०४६ साल र २०६२–६३ सालमा सफल आन्दोलनहरु भए । ती सबै आन्दोलनका प्रतिबिम्बित जनइच्छा अनुसार नै आज हामी गर्वका साथ संघीय लोकतान्त्रिक संविधान सहितको गणतन्त्रात्मक शासन पद्धति अपनाइरहेका छौं ।

हामीले प्राप्त गरेका उपलब्धीहरुको मूल्यांकन गर्दै त्यसबाट प्राप्त अनुभव तथा शिक्षाबाट निर्देशित सुशासन, शान्ति र सहमतिलाई आत्मसात् गरी अगाडि बढ्नु हाम्रो साझा जिम्मेवारी र दायित्व हो । संधिय लोकतान्त्रिक गणतन्त्रको संविधानले गरेको व्यवस्था अनुसार सम्पन्न निर्वाचन मार्फत प्राप्त जनादेश अनुरुप देशमा आर्थिक समृद्धि र सुशासन कायम गर्नु हामी सबैको कर्तव्य र आजको आवश्यकता पनि हो । त्यस दिशा तर्फ लाग्नु नै प्रजातन्त्रको मुल्य र मान्यतालाई आत्मसात गरेको ठहर्छ ।

अन्त्यमा, आज ७० औं प्रजातन्त्र दिवस मनाइरहँदा प्रजातन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दिवसले प्रजातन्त्रलाई जीवनपद्धति बनाएर अगाडि बढ्ने प्रेरणा हामी सबै नेपालीमा दिन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

लुट बहादुर रावत

नगर प्रमुख

लुट बहादुर रावत
नगर प्रमुख